बैठक संख्या २/१४३

आज मिति २०७९ चैत्र ११ गते शुक्रबारका दिन सूर्यविनायक नगरपालिकाको १४३ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | कार्यपालिका सदस्य | |
| १५ | कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १६ | शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १७ | सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | कार्यपालिका सदस्य | |
| १९ | सुमन परियार | कार्यपालिका सदस्य | |
| २० | प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २१ | सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्र नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुख, | |
| | सर्वदा पण्डित आमन्त्रित | लेखा अधिकृत | |

## मिति २०७९ चैत्र ३ गते नगर कार्यपालिका (१४३औं) बैठकको (कार्यसुची) एजेण्डाहरु

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति समीक्षा
२. नगरसभाबाट विनियोजन भएको बजेट बाडँबाँड सम्बन्धमा ।
३. नगरप्रमुखको जापान भ्रमणको विषयमा जानकारी
४. स्थानीय पाठ्यक्रम छपाई तथा वितरण
५. आधारभूत तह परीक्षा कक्षा-८ को तयारीको बिषयमा जानकारी
६. नगरपालिकाको प्रशासकीय भवन निर्माणको म्याद थप गर्ने।
७. गरिब घरपरिवार पहिचान कार्यक्रम सुचारु गर्ने।
८. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिने।
९. सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्तिको लागि विज्ञ छनौट गर्ने।
१०. मुद्दा मामिलाको लागि अधिकार प्रत्यायोजन गर्ने सम्वन्धमा।
११. जरीवाना छुट सहितको व्यवसाय दर्ता अभियानको समयावधि थप गर्ने
१२. पूर्वाञ्चल विश्वविद्यालयको लागि जग्गा सिफारिस गर्ने।
१३. ५ नं वडा कार्यालयको वडा प्रशासकीय भवनको निर्माण कार्य प्रारम्भ गर्ने।
१४. आवधिक योजना तर्जुमाको कामलाई तिव्रता दिने।
१५. ल्याब सेवामा पार्ट टाइम कर्मचारी व्यवस्थाको लागि सहमति दिने।
१६. योजना संसोधन
१७. विविध

## छलफल तथा निर्णयहरु

**निर्णय नं १**

१४२ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गर्दा निर्णय कार्यान्वयन सन्तोषप्रद रहेको पाइयो र विगतमा भए गरेका निर्णयहरु कार्यान्वयन हुन बाँकी कुनै विषय भए त्यसलाई पनि कार्यान्वयनको लागि तिव्रता दिने निर्णय गरियो।

**निर्णय नं २**

नगर सभाको एघारौं अधिवेशनबाट विपद व्यवस्थापन, मर्मत संभार, र अन्य विभिन्न शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन तथा निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम खर्च लेख्न स्वीकृत गर्ने निर्णय गरियो ।

क. आर्थिक सहयोग र उपचार राहत खर्च

| क.सं. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | क्यान्सर पिडित कान्छी सापकोटा | वडा नं ५ | २०००० |
| २ | रिता नेपाली | वडा नं १ | ५००० |
| ३ | दिनेश नगरकोटीको छोरा सुदिन नगरकोटी | वडा नं १० | २०००० |
| ४ | कमला खडका उपचार खर्च | | १५००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | कल्पना नेपाली आ.स. | वडा नं १ | | ५०००० |
| ६ | विमला माझी | वडा नं २ | | १०००० |
| ७ | आगलागी राजकुमार तमाग | वडा नं ८ | | १००००० |
| ८ | मनोज थापा विरामी उपचार | वडा नं ५ | | ३०००० |
| ९ | लक्ष्मी कुमारी अधिकारीको छोरीको उपचार | सूनपा १० | | ५०००० |
| १० | अनुज न्यौपाने | वडा नं ४ | | १०००० |
| ११ | आर्थिक सहयोग गोमा नेपाली | वडा नं १० | | ७००० |
| १२ | शर्मिला श्रेष्ठ | वडा नं १ | | १५००० |
| १३ | बुद्धिकृष्ण श्रेष्ठ | वडा नं १ | | १५००० |
| १४ | बसन्ती दुलाल आ.स. | वडा नं ६ | | २०००० |

## ख. खेलकुद

| क्र.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| १ | मदन भण्डारी स्पोंट एकेडेमी | खेलकुद कार्यक्रम | | १०००००० |

## ग. सूचना प्रशारण

| क्र.स. | सूचना विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | रोडम्याप साप्ताहिक | काठमाण्डौ | १०००० |
| २ | समाचार दैनिक डट कम | काठमाण्डौ | १०००० |
| ३ | राष्ट्रिय आर्थिक मासिक | भक्तपुर | २५००० |
| ४ | देउजा वंश प्रतिष्ठान | भक्तपुर | २०००० |
| ५ | विश्वदर्शन अनलाईन खवर प्रा.लि. | ललितपुर | १०००० |
| ६ | दोलालगिरी सूचना प्रशारण | | १०००० |
| ७ | सूचना प्रशारण ठिमी क्याम्पस | | १५००० |
| ८ | पेसल आचार्य(मेडिया भुक्तानी) | ठिमी | १५००० |
| ९ | विश्व मेडिया | बानेश्वर | ७५००० |
| १० | गणेशमान सिंह स्मृति प्रतिष्ठान | | २५००० |
| ११ | बुद्धिजीवी परिषद सूचना प्रकाशन | | २०००० |
| १२ | झिल्को डट कम | | २०००० |
| १३ | अनलाईन सूचना प्रशारण | | २०००० |
| १४ | सरोकार रा.मासिक | | २०००० |

## घ. विपद व्यवस्थापन लगायत अन्य कार्यक्रम संचालन

| क्र.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | महिला समूह | सकारात्मक सोच | वडा नं ५ | ४००००० |
| २ | कानूनी साक्षरता अरनिको | कानूनी साक्षरता कार्यक्रम | वडा नं ४ | १०००० |
| ३ | युवाका साथ साथ आवाज | नमूना युवा नगरसभा अन्तरक्रिया | वडा नं ६ | १६५००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | सामुदायिक वन उपभोक्ता महासंघ भक्तपुर | स्थानीय वन ऐन सम्बन्धी तालिम | सूनपा भरीको वउसलाई | ३५०००० |
| ५ | अभुदय नेपाल | सास्कृतिक कार्यक्रम | सूनपा २ | २५००० |
| ६ | श्री गणेश वाचनालय | सास्कृतिक कार्यक्रम | सूनपा २ | ५०००० |
| ७ | प्रेशियस योग साधना केन्द्र | योग साधना | सूनपा २ | २०००० |
| ८ | अभिभावक स्वावलम्बन समूह | अपांगताभएका बालबालिकाका स्याहारसुसार | ठिमी, भक्तपुर | २००००० |
| ९ | सरसफाई संस्था | कार्यक्रम संचालन | वडा नं ५ | २३५००० |
| १० | महिला नेतृत्व विकास (नेपाली म.आ.मार्फत) | स्थानीय महिला समूह | वडा नं ८ | ३५०००० |
| ११ | अचार वनाउने तालिम | स्थानीय महिला समूह | वडा नं ४ | १५०००० |
| १२ | लक्षित कार्यक्रम महिला डल बनाउने | स्थानीय महिला समूह | वडा नं २ | १५०००० |
| १३ | कफि बनाउने तालिम बारिष्टा | महिला समूह | सूनपा | २००००० |
| १४ | पकाण्डोल पहिरो नियन्त्रण | स्थानीय उपभोक्ता | वडा नं १ | ३००००० |
| १५ | सशस्त्र प्रहरी बल सहयोग | सामाग्री सहयोग | | १५०००० |
| १६ | पेशागत महासंघ बैठक व्यवस्थापन | बैठक व्यवस्थापन | | २५००० |
| १७ | स्थानीय महिला समूह | नगर स्तरीय महिला अभिमुखीकरण कार्यक्रम | | २००००० |
| १८ | स्थानीय उपभोक्ता समूह | फोहर प्रशोधन केन्द्र बाटो मर्मत | वडा नं १० | १०००००० |
| १९ | भादगाउँ कृषि फार्म | पुष्प खेती | वडा नं १ | २००००० |

ङ. पूर्वाधार तर्फ मर्मत संभार

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १. | शुभनगर मार्ग स्तरोन्नती | वडा नं २ | २००००० |
| २. | इकुडोल भित्र ब्लक ओच्छ्याउने | वडा नं २ | २५०००० |
| ३. | बंगलामुखी पछाडिको मार्ग ब्लक विछ्याउने | वडा नं २ | १००००० |
| ४. | न्यौपाने टोल पछाडि बाटो स्तरोन्नती | वडा नं २ | ३५०००० |
| ५. | न्यू बंगलामुखी मार्ग स्तरोन्नती | वडा नं २ | ५००००० |
| ६. | खरीको बोटमुनि मेशनरी वाल | वडा नं २ | १००००० |
| ७. | लोचन मार्ग स्तरोन्न्ती | वडा नं ३ | ५००००० |
| ८. | स्वर्णभूमी सहकारी क्षेत्र बाटो स्तरोन्नती | वडा नं ३ | ३००००० |
| ९. | प्रयोगशाला भवन मर्मत | वडा नं ३ | १००००० |
| १०. | ब्रहमनगर पंचलक्ष्मी मार्ग मर्मत | वडा नं ३ | १००००० |
| ११. | नयाँ वस्ती ब्रह्म नगर विनायक वस्ती बाटो ढलान | वडा नं ३ | ३५०००० |
| १२. | वडा क्लव भवन | वडा नं ३ | ३००००० |
| १३. | खनाल टोल सडक स्तरोन्नती | वडा नं ३ | ९००००० |
| १४. | चुनदेवी देखि भक्तपुर गेष्ट हाउस जाने बाटो स्तरोन्नती | वडा नं ६ | ८००००० |

| | | | |
|---|---|---|---|
| १५. | प्राणी उद्यानबाट पूर्व जाने राजकुलो ह्मिपाईप | वडा नं ६ | ६००००० |
| १६. | पाण्डु बजार तुरतुरे धाराबाट पश्चिम जाने बाटो स्तरोन्नती | वडा नं ६ | ७००००० |
| १७. | महेन्द्र गल्ली उकालो ढलान | वडा नं ६ | ५००००० |
| १८. | पिपलबो देखि दक्षिण तिनधारा जानेबाटो सडक | वडा नं ६ | ७००००० |
| १९. | सुन्दर बस्ती पूर्व जाने बाटो ब्लक | वडा नं ६ | ५००००० |
| २०. | खुलाल टोल खानेपानी योजना (पाईप) | वडा नं १० | ६०००० |
| २१. | प्राणी उद्यानबाट पूर्वजाने बाटो स्तरोन्नती | वडा नं ६ | ४००००० |
| २२. | ल कजेल पाथीभारा मार्ग | वडा नं ४ | ५००००० |
| २३. | अरनिको मा.वि.बाट सिरुटार जाने बाटो ग्राभेल थप | वडा न.४ | १००००० |
| २४. | अन्तलिगं डाँडो खानेपानी सरसफाई | वडा नं ४ | १००००० |
| २५. | हिमालयन टोल ब्लक बिछ्याउने | वडा नं ४ | ३००००० |
| २६. | आईसोलेशन सेन्टर शेरवाल निर्माण थप | वडा न. ४ | १५००००० |
| २७. | गौरीशंकर बस्तीमा वाल निर्माण | वडा नं ४ | ४००००० |
| २८. | तक्वपली ढुंगेधारा संग जोडिएको पाटी निर्माण | वडा नं ८ | ७००००० |
| २९. | मूल माथिको बाटो निर्माण | वडा नं ९ | ५००००० |
| ३०. | वक्रेश्वर मन्दिर ढुंगा छपाई | वडा नं ७ | ६००००० |
| ३१. | कृष्ण मन्दिर मर्मत संभार | वडा नं ७ | २००००० |
| ३२. | शान्ति निकेतन मा.वि. | वडा नं ८ | ७००००० |
| ३३. | डोलेश्वर मन्दिर गेट निर्माण योजना | वडा नं ८ | ४८००००० |
| ३४. | पाटी भञ्जयांग स्वास्थ्य चौकी तथा शौचालय | वडा नं ८ | ६५०००० |
| ३५. | तौडोल सामुदायिक भवन | वडा नं ८ | ५००००० |
| ३६. | देउजा गाउँ खानेपानी | वडा नं १० | ५००००० |
| ३७. | क्रियापुत्री पाटी निर्माण | वडा नं १० | ५००००० |
| ३८. | भंगाल पिपलबोट सडक ढलान | वडा नं १० | ७००००० |
| ३९. | सब्जे बासाथान नाली निर्माण | वडा नं ९ | ६००००० |
| ४०. | भुन्टोल जाने बाटो ढलान | वडा नं ५ | ५००००० |
| ४१. | सूर्य नगर ढल निकास | वडा नं ५ | ५००००० |
| ४२. | मनोरम टोल सडक | वडा नं ५ | ४००००० |
| ४३. | ओम शान्ति टोल दक्षिण बाटो ढलान | वडा न. ५ | ५००००० |
| ४४ | विसुंखे सडक सिमांकन वाल लगाउने | वडा नं ५ | ४००००० |
| ४५. | चारदोबाटो लुभु सडक मर्मत | वडा नं १ | २००००० |
| ४६. | कुलो मर्मत साविक वडा नं ९ | वडा नं १ | ३००००० |
| ४७. | माझा पिपलबोट बाटो स्तरोन्नती | वडा नं १ | ५००००० |
| ४८. | लतनसिंह टोल गणेश मन्दिर | वडा नं १ | ३००००० |
| ४९. | साविक ५ ईनार मर्मत | वडा नं १ | १००००० |
| ५०. | बालकुमारी मन्दिर मर्मत | वडा नं १ | १००००० |
| ५१. | वर्नेशवर मन्दिर क्षेत्र कलर्भट निर्माण | वडा नं १ | ३५०००० |
| ५२. | पकाण्डोल खेल मैदान | वडा नं १ | ३००००० |

६०।४० अन्तर्गत स्वीकृत आयोजनाहरु

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १. | शान्ति विनायक पिपलबोट सडक ग्राभेल ६०।४० | वडा नं ३ | ३६०००० |
| २. | राधाकृष्ण टोल विकास क्षेत्र ढल ६०।४० | वडा नं ३ | ७००००० |
| ३. | अधिकारी टोल २ वित्ते मार्ग ६०।४० | वडा नं ३ | ६१७००० |
| ४. | घ्याम्पेडाँडा रानीकोट सडक ६०।४० | वडा नं ७ | ३०००००० |
| ५. | चख्खु बाटो स्तरोन्नती ६०।४० | वडा नं ८ | २०००००० |
| ६. | सिमगाल बाटो स्तरोन्नती ६०।४० | वडा नं ८ | १५००००० |
| ७. | वल्ल टोल सुन्दर गल्ली ढल निर्माण ६०।४० | वडा नं ८ | ३५०००० |
| ८. | परिवर्तन टोल वस्ती बाटो स्तरोन्नती ६०।४० | वडा नं ८ | १०००००० |
| ९. | सिम्रिक टोल ढल निर्माण | वडा नं ८ | १५००००० |
| १०. | लटरम्मेश्वर भंगाल सडक ६०।४० | वडा नं १० | २०००००० |
| ११. | राधाकृष्ण मन्दिर ६०।४० | वडा नं १० | ७००००० |

**निर्णय नं ३**

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को आयोजनामा मिति २०७९।११।१३ देखि २०७९।११।२७ सम्म जापानमा "Project for Strengthening Disaster Risk Governance for Resilience Kathmandu Valley" विषयक कार्यक्रममा सहभागी फर्कनुभएका नगरपालिकाका नगरप्रमुख श्री बासुदेव थापाबाट आफ्नो जापान भ्रमणको सम्बन्धमा बैठकलाई जानकारी गराइयो।

**निर्णय नं ४**

नगरपालिका क्षेत्रभित्रको विद्यालयमा लागू गर्नको लागि नगरपालिकाले तयार पारेको स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" कक्षा-६ देखि ८ मा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु थप सहित स्वीकृत गरी सोको प्रवोधिकरण तथा आवश्यक संख्यामा छपाई गरी सबै विद्यालयमा पुर्याउने र आगामी शैक्षिक सत्र २०८० देखि नगरपालिकाभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" कक्षा-१ देखि ८ अनिवार्य रुपमा लागू गर्ने गराउने निर्णय गरियो। साथै स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" को आधारमा कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यपुस्तक प्रकाशनको लागि सोको पाण्डुलिपी तयार पार्ने कामलाई यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी तत्काल काम अघि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ५**

शैक्षिक सत्र २०७९ सालको आधारभूत तह परीक्षा कक्षा-८ को बार्षिक परीक्षा यही मिति २०७९ साल चैत्र ८ गतेबाट शुरु हुन भइरहेको र त्यस परीक्षामा १४९३ जना विद्यार्थीले विभिन्न ६ वटा केन्द्रबाट परीक्षामा सहभागी हुँदै गरेको सम्बन्धमा यस बारेमा भइरहेको तयारीको विषयमा छलफल गरी परीक्षालाई व्यवस्थित ढङ्गबाट संचालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं ६**

नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि मिति २०७६/०९/२७ गते झ्याली/बाबुरत्न जेभी ललितपुरसँग भवन निर्माण सम्झौता भई मिति २०७८/०९/२६ मा कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिइएकोमा तोकिएका समयसीमिभित्र निर्माण कम्पनीले कूल निर्माण कार्यको करिब ५५ प्रतिशत मात्र काम सम्पन्न गरेको र निर्माणको दौरानमा कोभिड-१९ को महामारीको प्रभाव, बेसमेन्टको माटो व्यवस्थापनमा समस्या लगायतका कारण तोकिएको समयावधिभित्र काम सम्पन्न हुन नसकेको हुँदा निर्माणको अवधि एक वर्ष थप गरिदिन मिति २०७९/०९/०३ मा निवेदन दिएको निर्माण व्यवसायी आफै नगरपालिकामा उपस्थित भई अब थप हुने समयसीमाभित्र निर्माण सम्पन्न गर्ने प्रतिवद्धता समेत जनाएको अवस्थामा शुरु सम्झौताको दररेटमा नै बाँकी कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०९/२५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौताको अवधि थप गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

गरिब घरपरिवार पहिचान कार्यक्रम अन्तर्गत विवरण संकलन गर्ने कार्य गत वर्ष शुरु गरिएको तथा सम्पन्न गर्न नभ्याइएको सन्दर्भमा गत वर्षकै खर्चको नर्म्समा रही यस वर्षभित्र कार्य सम्पन्न गर्ने योजनाको साथ काम तत्काल अघि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत् सचिवालयलाई निर्देशन दिने र कार्यक्रम सम्पन्न गर्नको लागि संघीय सशर्तबाट विनियोजित रकमबाट अपुग हुने देखिएमा अपुग हुने रकम नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं ८**

गत आर्थिक वर्षमा शुरु गरिएको किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिई गत वर्षकै खर्चको नर्म्समा रही यस आर्थिक वर्षभित्र कार्य सम्पन्न गर्ने गरी तत्काल काम शुरु गर्न सचिवालयलाई निर्देशन दिने र कार्यक्रम सम्पन्न गर्नको लागि संघीय सशर्तबाट विनियोजित रकमबाट अपुग हुने देखिएमा अपुग हुने रकम नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं ९**

नगरपालिकाको "सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति कार्यविधि, २०७९" बमोजिम सामुदायिक विद्यालयमा प्रधानाध्यपक छनौट गर्ने सिलसिलामा उम्मेदवारहरुको विद्यालय विकास प्रस्तावको मूल्याङ्कन, सो प्रस्ताव उपरको प्रस्तुतिकरण, प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन गर्न तथा उम्मेदवारहरुको अन्तर्वार्ता लिने कार्यको लागि शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरुको रोष्टर तयार पार्नको नगरपालिकाले जारी गरेको सूचनाको म्यादभित्र प्राप्त निवेदन तथा अन्य सम्वद्ध कागजात सहित आवश्यक निर्णयको लागि प्रधानाध्यापक छनौट तथा सहजीकरण समितिबाट पेश भएका नामहरु माथि छलफल गरी उहाँहरुको व्यक्तित्व, योग्यता, कार्यानुभव लगायतका विषयलाई समेत मनन गरी देहाय बमोजिमका व्यक्तिहरुको नाम रोष्टर सूचीमा समावेश गरी उहाँहरुलाई विद्यालय विकास प्रस्तावको मूल्याङ्कन, सो प्रस्ताव उपरको प्रस्तुतिकरण, प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन गर्ने र अन्तर्वार्ता लिने कार्य सम्पन्न गर्ने कार्यजिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

देहाय

| सि नं | नाम थर | ठेगाना | शैक्षिक योग्यता | कार्यानुभव | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १. | मनप्रसाद वाग्ले | काठमाडौं-३४ | पि एच डी | प्राध्यापक काठमाडौं वि वि | ९८४१२९८८२० |
| २. | मिन बहादुर विष्ट | ज्ञानोदय मार्ग बाफल-१३ | पि एच डी | विज्ञ/शिक्षा विद् | ९८६०१४४४७७ |
| ३. | विष्णू बहादुर कार्की | महाराजगंज काठमाडौं | डक्टर अफ एजुकेशन | शैक्षिक सल्लाहकार/विज्ञ | ९८५११७६४२९ |
| ४. | विनय कुमार कुसियत | ललितपुर भैसेपाटी | पि एच डी | अवकाश प्राप्त प्रोफेसर | ९८४१२९१७८७ |
| ५. | प्रमिला राजभण्डारी | काठमाडौं-१३ | | सह प्राध्यापक / शिक्षाविद्/ अनुसन्धानकर्ता | ९८४९०९२२८१ |
| ६. | सुशन आचार्य | बानेश्वर काठमाडौं | डक्टर अफ एजुकेशन | प्रोफेसर त्रिभुवन वि वि | ९८४१५१६४७३ |

**निर्णय १०**

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम बमोजिम नगरपालिकाभित्रका सबै किसिमका व्यवसायलाई दर्ता/नवीकरण/सूचीकरण गरी गराई राजस्वको दायराभित्र ल्याउन गत असोज देखि जरिवाना छुट सहितको व्यवसाय दर्ता अभियान संचालन गरिएको र यसको प्रभावकारिता राम्रो देखिएको हुँदा यो अभियानको म्याद २०८० साल बैशाख मसान्त सम्म कायम गरी सो अवधिभित्र सबै वडाका सबै व्यवसायीलाई समेट्ने गरी काम गर्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय ११**

नगरपालिकालाई शैक्षिक तथा प्राज्ञिक हबको रुपमा विकास गर्ने नगरपालिकाको सोच रही आएको परिप्रेक्ष्यमा पूर्वाञ्चल विश्वविद्यालयको मिति २०७९।११।२८च.नं. १३७ को पत्रबाट नगरपालिकाभित्र विश्वविद्यालयको प्रशासकीय भवन तथा आङ्गिक मेडिकल र इञ्जिनियरिङ्ग क्याम्पस खोल्न आवश्यक जग्गा उपलब्ध गराइदिन अनुरोध भई आएकोमा जग्गा उपलब्ध गराउन सक्दा आगामी दिनमा नगरपालिकालाई शैक्षिक गन्तव्य रुपमा विकास गरी छात्रवृत्ति र छुटमा नगरवासीले मेडिकल र इञ्जिनियरिङ्ग शिक्षा प्राप्त गर्ने अवसर पाउने कुरालाई समेत मध्यनजर गरी विश्वविद्यालयको प्रस्तावलाई सकारात्मक रुपमा लिई यस प्रयोजनको लागि यस नगरपालिकाको जग्गा पहिचान गरी लिजमा उपभोग गर्न दिनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

## निर्णय १२

सूर्यविनायक नगरपालिका वा नगर कार्यपालिकाको कार्यालय वा नगरसभा वा नगर प्रमुख वा नगर उप-प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा वा नगरकार्यपालिका तथा नगरसभा सदस्यहरु वा नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीको तर्फबाट अदालत तथा अर्धन्यायिक निकायमा फिरादपत्र दायर गर्ने, निवेदन दिन, उजुरी दायर गर्ने वा मुद्दा मामिलाहरूको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, प्रतिउत्तरपत्र फिराउन, म्यादमा उपस्थित हुन, लिखित जवाफ पेश गर्ने, अन्तरिम आदेशको छलफलमा भाग लिन, मिलापत्र गर्ने, पुनरावेदन दायर गर्ने, लिखित प्रतिबाद दायर गर्ने, मुद्दा दोहोऱ्याउने निवेदन दिन, कानुन व्यवसायी मुकरर गर्ने, वारिश अख्तियार प्रदान गर्ने, नक्कल सार्ने लगायत मुद्दा मामिलाको रोहमा माथि उल्लेखित कार्यालय तथा व्यक्तिहरुको तर्फबाट भैपरि आउने अन्य सम्पूर्ण आवश्यक कानुन बमोजिमको कार्य गर्नका लागि यस सूर्यविनायक नगरपालिकाको कानूनी सल्लाहाकार त्रय अधिवक्ता श्री गोविन्द प्रसाद चौलागाई, श्री अनिल कुमार श्रेष्ठ र श्री मोहनकृष्ण श्रेष्ठलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय १३

नगरपालिका अन्तर्गको ५ नं वडा कार्यालयको वडा प्रशासकीय भवन निर्माणको लागि भवनको ड्रइङ्ग, डिजाइन र लागत अनुमान सहितको डिपिआर प्राप्त भइसकेको सन्दर्भमा आर्थिक तथा प्राविधिक हिसावले त्यसमा केही सुधार गर्नुपर्ने भएमा सो कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम तत्काल भवन निर्माणको कार्य प्रक्रियाको थालनी गर्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय १४

नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना निर्माणको काम शुरु भएको र यस बीचमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार विभिन्न विषयगत समिति गठन गर्ने तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न भई हाल वडास्तरमा योजना पहिचानको लागि छलफल कार्यक्रम संचालन भइरहेको परिप्रेक्ष्यमा आवधिक योजना तर्जुमाको कामलाई तिव्रता दिई यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी सक्रियताका साथ काममा क्रियाशील हुन सबै विषयगत समितिका संयोजक तथा सदस्यहरुलाई निर्देशन दिने निर्णय गरियो

## निर्णय १५

नगरपालिका अन्तर्गत सिरुटार स्वास्थ्य चौकी सूनपा-१ मा ल्याब सेवामा पार्ट टाइममा कार्यरत ल्याब असिस्टेन्ट श्री सवनम कायस्थले आफ्नो व्यक्तिगत कारण देखाउँदै मिति २०७९ साल चैत १ गतेदेखि लागू हुने गरी राजीनामा दिई सेवावाट अलग भइसकेको अवस्थामा स्वास्थ्य चौकीबाट प्रदान गरिने ल्याब सेवा सुचारु गर्नको लागि सम्बन्धित स्वास्थ्य चौकीको व्यवस्थापन समितिबाट अनुरोध भई आएकोमा साविक बमोजिमकै योग्यता पुगेको व्यक्तिलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी साविकमा दिइँदै आएको सेवा शर्त सुविधाको अधिनमा रही कामकाज गर्ने शर्तमा हाललाई बढीमा २०८० साल असार मसान्त सम्मको लागि करार सेवामा नियुक्त गरी काममा लगाउन सम्बन्धित स्वास्थ्य चौकीलाई निर्देशन दिने निर्णय गरियो।

## निर्णय १६

यस नगरपालिका वडा नं ३ र ५ को लागि ११ औं नगरसभा अधिवेशनबाट विनियोजन भएको तपसिल बमोजिमको योजना तथा कार्यक्रमहरुमा तपसिल बमोजिम संसोधन गर्न वडा समिति निर्णय सहित प्राप्त सिफारिस अनुसार संसोधन गर्ने निर्णय गरियो ।

वडा नं ३

| साविक योजनाको नाम र वडा नं | रकम रु. | संशोधित योजना | रकम रु. |
|---|---|---|---|
| विद्यालय तथा स्वास्थ्य संस्था सहयोग | १०००००० | नगर स्वास्थ्य केन्द्र बालकोट<br>गणेश आधारभूत विद्यालय फर्निचर | ५०००००<br>५००००० |

**वडा न.५**

| साविक योजनाको नाम र वडा नं | रकम रु. | संशोधित योजना | रकम रु. |
|---|---|---|---|
| सीप विकास तालिम | १५०००० | सिरुफाँट महिला समूह<br>शुशिला भैरव मन्दिर मुक्ति विनायक जात्रा | १०००००<br>५०००० |

**निर्णय १७**

नगरपालिकाको छैटौं स्थापना दिवस मिति २०७९ साल फागुन २५ देखि २७ सम्म विभिन्न रचनात्मक र प्रचारात्मक कार्यक्रमहरु गरी मनाउने क्रममा तीन दिवसीय कार्यक्रमलाई भव्यताका साथ सफल पार्न आ-आफ्नो ठाउँबाट नैतिक तथा भौतिक सहयोग पुर्याउनुहुने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी, खेलाडी, पत्रकार, शुभेच्छुक-शुभचिन्तक तथा आम नगरवासी दाजुभाइ दिदीबहिनीलाई हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं १८**

सूनपा ८ को कित्ता नं ८३ सार्वजनिक पर्ति जग्गा मध्ये १ आना जग्गा समेत प्रयोग गरी सामदेंग छोयलिंग गुम्बा निर्माण गर्नुपर्ने भएको र उक्त कार्यका लागि प्रदेश सरकार पर्यटन मन्त्रालयबाट ३० लाख बजेट स्वीकृत भएकोले सामुदायिक गुम्बा निर्माणका लागि उक्त १ आना जग्गा मिलानका लागि सम्बन्धित निकायबाट स्वीकृती लिई कार्य प्रकृया अगाडि बढाउन सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १९**

सूर्यविनायक नगरपालिका अन्तर्गतको सूर्यविनायक नगर अस्पतालमा आकस्मिक रुपमा घट्ने कुनै घटना/दुर्घटनाको बारेमा सुरक्षा समन्वय गर्न एक जना सुरक्षाकर्मी चौबिसै घण्टा रहने व्यवस्थाको लागि प्रहरी परिसर भक्तपुरलाई पत्राचार गरी त्यहाँबाट सोही बमोजिम जनशक्तिको व्यवस्था गरिएकोमा यसरी डयुटीमा खटिने एक जना जनशक्तिलाई चिया खाजा खर्च वापत दैनिक रु. एक सय पचास रुपैयाँको दरले उपलब्ध गराउने र यसको लागि डयुटीमा खटिने सम्बन्धित व्यक्तिको निवेदन र अस्पतालबाट निजको हाजिरी प्रमाणित गरी सिफारिस साथ पेश भएमा उपरोक्त दरले हुन आउने रकम निजलाई नगदमा नभई निजले चिया खाजा खाने क्यान्टिनको नाउँमा निकासा दिने निर्णय गरियो।